का.जि.प्र.का.द.नं. १००/०५९/६०

**१५ भदौ २०७९,**

**बुधबार**

**31 August 2022,**

**Wednesday**

**मूल्य रु. ५/-**

# मध्यान्ह

राष्ट्रिय दैनिक

ईपेपर हेर्नै

वर्ष २०, अंक २०७ । पृष्ठ १२ | Madhyanha National Daily | www.madhyanhadaily.com




# आचरणमाथि प्रश्न र भ्रष्टाचार

**शिवराज परियार/मध्यान्ह**
काठमाडौं, १४ भदौ ।

निलम्बित प्रधानन्यायाधीश चोलेन्द्र शमशेर जबरालाई प्रतिनिधिसभाको महाअभियोग सिफारिस समितिले आज (बुधबार) बयान लिँदैछ । १ फागुन २०७८ मा ९६ जना सांसदले बिभिन्न २१ वटा आरोपहरु लगाउँदै प्रतिनिधिसभामा प्रधानन्यायाधीश जबराविरुद्ध महाअभियोग प्रस्ताव दर्ता गरेका थिए । उक्त प्रस्ताव उपरको अध्ययनका क्रममा बुधबार महाअभियोग सिफारिस समितिले जबरालाई बयानका लागि बोलाएको हो । जबरालाई बोलाउनुअघि महाअभियोग सिफारिस समितिले सार्वजनिक रुपमा प्रमाण दिन आह्वान गरेको थियो । नेपाल बार एसोसिएसन र सर्वोच्च अदालत बार एसोसिएसन, दल निकटका कानुन व्यवसायीको संगठन र पूर्वन्यायाधीश फोरमसँग भने लिखित रुपमे पत्राचार गरेर जबराविरुद्धका प्रमाण मागिएको थियो। महाअभियोग सिफारिस समितिका सचिव लक्ष्मीप्रसाद गौतमका अनुसार बिभिन्न व्यक्ति र समुह समेत गरी १० ठाउँबाट प्रमाण प्राप्त भएको छ। प्राप्त प्रमाणका आधारमा समितिले जबरालाई सोधिने प्रश्नहरुको मस्यौदा पनि तयार पारेको छ।

सचिव गौत्तमका अनुसार महाअभियोग प्रस्तावमा उल्लेखित २१ वटा मूल विषय र प्रमाण संकलनका क्रममा आएका विषयलाई समेटेर सचिवालयले प्रश्नावली तयार पारेको छ । उनी भन्छन्, 'मूल प्रश्न त महाभियोग प्रस्तावमा उल्लेख भएकै छन् । २१ विषय त्यहाँ समेटिएका छन् । प्रमाण संकलनका क्रममा आएका विषयलाई पनि समेटेर प्रश्नावली विकास गरेका छौं । समिति सदस्यहरुका अनुसार 'प्रश्न त सांसदहरुले पनि तयार पारेका छन् । विषय नछुटून् भन्नका लागि सहजीकरणको दस्तावेज समिति सचिवालयले बनाएको हो । उनका अनुसार मंगलबारसम्म इमेल र स्वयं उपस्थित भएर बिभिन्न व्यक्ति र संस्था गरी दश ठाउँबाट प्रमाण पेस भएका छन् । ती प्रमाणलाई समेत आधार मानेर समिति सचिवालयले प्रश्नावली तयार पारेको हो । तयार प्रश्नहरुमा भ्रष्टाचार गरेको र भ्रष्टाचारको आडमा गैर कानुनी रुपमा सम्पति आर्जन गरेको, कार्य क्षमताको अभाव देखिएको, न्यायाधीशहरुको बीचमा समन्वय नगरेको/गर्न नसकेको उल्लेख छ। रन्जन कोइरालाको मुद्दाको विषयलाई पनि कार्यक्षमतासँगै जोडेर प्रश्न तयार

– बाँकी पृष्ठ २ मा



आरोपित जबरालाई सफाई पेश गर्नका लागि लागि प्रयाप्त समय दिन्छौं । त्यस आधारमा समिति महाअभियोग लाग्ने नलाग्ने निर्क्योलमा पुग्छ ।

**राम बहादुर बिष्ट**
जेष्ठ सदस्य
महाअभियोग सिफारिस समिति



मूल प्रश्न महाभियोग प्रस्तावमा उल्लेख भएकै छन् । २१ विषय त्यहाँ समेटिएका छन् । प्रमाण संकलनका क्रममा आएका विषयलाई पनि समेटेर प्रश्नावली विकास गरेका छौं ।

**लक्ष्मीप्रसाद गौतम**
सचिव
महाअभियोग सिफारिस समिति

# जबरजस्ती सिट संख्या लाद्ने तयारी

**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, १४ भदौ ।

पाँच दलीय सत्तागठबन्धनमा सिट बाँडफाँटको समस्या सुल्झिन सकेको छैन् । ११ सदस्यीय कार्यदल नै बनाउर गृह कार्य गर्दा समेत समस्या नसुल्झिएपछि शीर्ष नेताहरुले जबरजस्ती संख्या लाद्ने तयारी गरेका छन् । जस अनुसार सबै दलका नेता/कार्यकर्ताहरु दाबी गरे अनुसार नपाउ पनि मान्न बाध्य हुनेछन् ।

नेपाली कांग्रेसले १०० सिट पाउनुपर्ने दाबी गर्दै आएको छ । यसमा लचक हुन शेरबहादुर देउवा पक्ष तयार भए पनि शेखर कोइराला समुह बढी भन्दा बढी सिट लिनुपर्ने अडानमा छ । तर, देउवा पक्ष कम लिने र लिएको जति जित्ने रणनीतिमा जानुपर्ने पक्षमा छ । यसो भन्नुलाई कतिपयले बाध्यताको रुपमा समेत लिएका छन् ।

नेकपा माओवादी केन्द्रले ६० सिटमा दाबी गर्दै आएको छ । यो आफुहरुले पाउनुपर्ने जति दाबी गरेको माओवादी नेताहरु बताउँछन् । तर, प्रचण्ड निकट नेताहरु ५० वरिपरी सहमतिका लागि तयार रहेको बताउँछन् ।

नेकपा एकीकृत समाजवादीले

> सत्तागठबन्धनमा सिट बाँडफाँटको समस्या नसुल्झिएपछि शीर्ष नेताहरुले जबरजस्ती संख्या लादने तयारी गरेका छन् । जस अनुसार सबै दलका नेता/कार्यकर्ताहरु दाबी गरे अनुसार नपाए पनि मान्न बाध्य हुनेछन् ।

४१ सिटमा दाबी गरेको छ। गठबन्धनले सिट संख्या र षेत्र नछुट्याउँदै एकीकृत समाजवादीले धमाधम उम्मेदवार सिफारिस गरिरहेको छ। गठबन्धनमा रहेको जनता समाजवादी पार्टीले ३१ सिटमा दाबी गरेको छ । राष्ट्रिय जनमोर्चाले दुई सिटमा दाबी गरेको छ । अहिलेसम्म भएका बहसमलाई समेत आधार मानेर चुनावी तालमेल गर्ने सहमतिमा अडिग रँहँखदै सिट बाँडफाँटबारे ठोस सहमति गनृे तयारीमा शीर्ष नेताहरु रहेको बताइन्छ ।

सिट बाँडफाँट मिलाउन सत्तागठबन्धनले २० साउनमा पाँच दलका नेता सम्मिलित कार्यदल गठन गरेको थियो। तर, कार्यदलले नतिजा दिन सकेको छैन। दलहरूले आ-आफ्नो दाबी छोडेका छैनन् । दलहरुले आ-आफ्नो दाबी नछाडेकै कारण जबरजस्ती सिट संख्या लाद्ने तयारी शीर्ष तहबाट भएको नेताहरु बताउँदछन् । एक नेता भन्छन्, सत्तागठबन्धनमा सिट बाँडफाँटको समस्या नसुल्झिएपछि शीर्ष नेताहरुले टुंग्याउने तयारी भएको छ ।

– बाँकी पृष्ठ २ मा



# अझै सुल्झिएन मिटरब्याजको मुद्दा




ठगी गर्नेलाई कारबाही गर्ने र कानुनी रूपमा पहुँचका आधारमा कोही पनि बच्न सक्दैनन् भन्ने प्रत्याभूति गरेमा मात्र मिटरब्याजका नाममा हुने ठगी न्यूनीकरण हुने देखिन्छ । अन्यथा, मिटब्याजको समस्या झनै मौलाउने प्रष्ट छ ।

**कान्ति न्यौपाने/मध्यान्ह**
काठमाडौं, १४ भदौ ।

मिटरब्याजको समस्याका समाधानका लागि सरकारले ठोस कदम नचालेपछि पीडितहरु पुन आन्दोलनमा उत्रिने भएका छन्। पीडितको न्यायका लागि सरकारले नबोलेको भन्दै उनीहरुले आन्दोलनमा उत्रिने तयारीमा गरेको हुन्। त्यसका लागि आगामी बिहीवार वालुवाटारमा उनीहरुले मार्च पास गर्ने भएका छन् । उनीहरुलाई आन्दोलनमा साथ दिन नागरिक अगुवाको टिम पनि एकमत भएको छ । सन्जीव उप्रेती, नारायण वाग्ले, भास्कर गौतम, अर्चना थापा लगायतका नागरिक अगुवा समेत भएर सरकारलाई दबाव दिने तयारी थालेका हुन् । यद्यपि, सरकारले मिटरब्याज अपराधमा संलग्नलाई कारबाहीको दायरामा ल्याउन कार्यदल गठन गरेको छ। जसमा अन्तरनिकाय समन्वय, सहकार्य गर्ने र आगामी दिनमा यस्तो अपराध न्यूनिकरणका लागि उपाय सम्बन्धमा सिफारिस सहितको प्रतिवेदन पेश गर्ने कार्यदेश पनि दिएको छ । त्यस्तै, सबैभन्दा प्रभावित गाउँमा गएर स्थलगत अध्ययन र छानविन पनि गर्ने

– बाँकी पृष्ठ २ मा

**वैदेशिक रोजगार विशेष**

# मलेसियामा विदेशी कामदार आपूर्तिका लागि आवेदन दिनेको चाप बढ्यो

**मध्यान्ह संवाददाता**
काठमाडौं, १४ भदौ

विदेशी कामदार आपूर्तिका लागि आवेदन दिनेको चाप बढेपछि मलेसियाको मानव संशाधन मन्त्रालयलाई रोजगारदाताहरूको 'क्यू' व्यवस्थापन गर्न समस्या परेको छ। विदेशी कामदार लैजान चाहने रोजगारदाताहरूको चाप बढेपछि मन्त्रालयले उनीहरूसँगका प्रारम्भिक अन्तर्वार्ताहरूलाई कम्तीमा एक हप्ता पछिको समय दिने गरेको छ।

मन्त्रालयले एप्वाइन्टमेन्ट दिएका रोजगारदातालाई पनि पछाडि तोकिएको मितिमा सम्पर्क गर्न भनेको छ । गत



आइतबार ३ सय रोजगारदाताले प्रारम्भिक अन्तर्वार्ताका लागि समय पाएको भएपनि आधाभन्दा बढीलाई बीचबाटै फर्काइएको उक्त मन्त्रालयले जनाएको छ।

कोरोना भाइरस (कोभिड-१९) महामारीका कारण अन्तर्राष्ट्रिय सीमा बन्द गरी दुई वर्षदेखि विदेशी कामदारको आवागमन बन्द गरेको मलेसियाले विदेशी कामदारका लागि आफ्नो ढोका पुन: खोलिदिएपछि ठूलो संख्यामा आवेदन प्राप्त भएका कारण भीड बढेको हो ।

'संख्या तोकेर आवेदन माग गरेको भन्दा कम कोटा प्राप्त गर्ने रोजगारदाताहरूले पुन: आवेदन गर्नुपरेको कारणले आवेदनहरूको संख्यामा वृद्धि भयो,' मन्त्रालयले भनेको छ। मन्त्रालयले रोजगारदाताहरूलाई नयाँ आवेदन पेश गर्नुअघि स्वीकृत

– बाँकी पृष्ठ २ मा



मध्यान्ह
www.madhyanhadaily.com
१५ भदौ २०७९, बुधबार
31 August 2022, Wednesday

# बढे डेंगुका बिरामी, भरिभराउ अस्पताल



**काठमाडौं/मस–** काठमाडौं उपत्यकामा डेंगु ज्वरोका बिरामी दैनिक बढेको पाइएको छ । नेपालमा अहिले मुख्य काठमाडौं, ललितपुर र रुपन्देही जिल्लामा सबभन्दा बढी डेंगुका बिरामी पाइएको छ । ती जिल्लाका अस्पतालमा डेंगुको उपचारका लागि बिरामीको चाप पनि बढेको छ ।

विशेषगरी साँझ-बिहानको समयमा सक्रिय हुनेमौसममा सफा र जमेको पानीमा बस्न 'एडिज एजिप्टी र एडिस एल्बोपिक्टस' प्रजातिको लामखुट्टेको टोकाइबाट डेंगुको रोग लाग्ने गर्दछ । स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका प्रवक्ता डा. सन्जयकुमार ठाकुरले साउनदेखि केही शहरमा डेंगुका बिरामी बढेको बताउछन् । उनका अनुसार ललितपुर, काठमाडौं र रुपन्देहीमा डेंगुका बिरामी बढी रहेको छन् । ललितपुरमा एक हजार ५६, रुपन्देहीमा ३७७ र काठमाडौंमा ३३२ जना डेंगुका बिरामी भेटिएका छन् ।

अव्यवस्थित शहरीकरण पनि डेंगुका बिरामी बढेको उनी बताउछन् । 'अव्यवस्थित शहरले गर्दा घरवरपर खाल्डाखुल्डी तथा पानी जम्ने ठाउँ रहेका हुन्छन्, उले भने, 'ती ठाउँबाट नै डेंगु रोग सार्ने जातको लामखुट्टेको विकास हुने गर्दछ ।' पानी जम्ने सफा ठाउँमा एडिज एजिप्टी र एडिस एल्बोपिक्टस' प्रजातिको लामखुट्टेले फुल पार्छ र ती फुल लार्भा निस्कन्छ र त्यही लार्भा बयस्क भएपछि टोकेर डेंगु रोग लाग्दछ ।

उनले पानी टङ्की, गाडीको डायर, गमला घर नजिकको खाल्डाखुल्डीमा पानी जम्न दिन नहुने बताए । एसिबाट निस्केको पानी जमेपछि त्यही जमेको पानीमा लाखुट्टेले फुल पार्ने गरेको छ । मन्त्रालयका प्रवक्ता डा. ठाकुरले डेंगु रोगको रोकथाम तथा नियन्त्रण सरकारले भन्दा पनि व्यक्तिगतरुपमा लाग्नुपर्ने बताए ।

व्यक्तिगतरुपमा आ-आफ्नो घरमा सरसफाइ गरेर पानी जम्न नदिने र घर वा बाहिर बस्दा शरिर पूरा ढाकिएको कपडा लगाउनुपर्ने उनको भनाइ रहेको छ । उनले डेंगु लागेपछि धेरै मानिसलाई लक्षण नदेखेर नै निको हुने बताउछन् । 'अहिले गम्भीर बिरामीमा भने सेतो रगत कम हुने गर्दछ' उनले भने, 'धेरैजसोलाई सिटामोल नै खाएर निको पार्न सकिन्छ ।'

शुक्रराज ट्रपिकल तथा सरुवा रोग अस्पतालका प्रमुख कल्सन्टेन्ट फिजिसियन डा. विमल चालिसेले अस्पतालमा डेंगुका बिरामी बढिरहेका बताए । उनी अस्पतालमा सामान्य लक्षणदेखि भर्ना गरेर उपचार गर्नेसम्मका बिरामी आउने थालेको बताछन् । डा. चालिसेका अनुसार अस्पतालमा दैनिक ३० देखि ३५ जना भर्ना भएर उपचार गर्ने खालका र आकस्मिक सेवामा दैनिक ६० देखि ७० जना बिरामी आइरहेका छन् ।

'धेरैजसो बिरामी धेरै ज्वरो आउने, टाउको दुख्ने, जिउ दुख्ने, खाना मन नलाग्ने, बान्ता हुने, पखाला लाग्नेजस्ता लक्षण भएका बिरामी आउने गरेका छन्' उनी भन्छन्, 'उपचार गर्नका लागि अस्पतालमा आएका बिरामीलाई फर्काउने गरेका छैनौं । अहिलेसम्म शैय्याको व्यवस्था गरेका छौं । तर अहिलेको भन्दा बढी भएपछि समस्या हुनेछ ।' अस्पतालमा ७० शैय्या र २४ सघन उपचार कक्ष (आइसियु) रहेको छ । उच्च ज्वरो आउने, टाउको, आँखाको गेडी, ढाड, शरीर, घुँडाका जोर्नी दुख्ने, पिँडौंलाको मासु दुख्ने आदि डेंगुका लक्षण हुन् । डेंगु ज्वरो सन्चो हुने बेलामा शरीरमा राता दाग पनि देखा पर्छन् ।

गम्भीर प्रकृतिको डेंगु सङ्क्रमण भएका बिरामीमा थकान महसुस हुने, गिजाबाट रगत बग्ने, पेट असाध्यै दुख्ने, बारम्बार बान्ता हुने, सास फेर्न गाह्रो हुने, पेट खुट्टा सुनिनेजस्ता लक्षण देखा पर्छन् । यस्ता लक्षण देखिएका बिरामीलाई भने तत्काल अस्पताल भर्ना गराउनुपर्छ । डेंगु रोग चार प्रकारका भए पनि अहिले नेपालमा कुन प्रकारको डेंगु देखिएको छ भन्नेमा अनुसन्धान भइरहेको छ ।

वीर अस्पतालका उपनिर्देशक डा. प्रज्वल श्रेष्ठले अस्पतालमा कोरोना भाइरसका भन्दा डेंगुका बिरामी बढी रहेको बताए । उनका अनुसार अहिले वीरमा २४ जना डेंगुका बिरामी र २२ जना कोरोना भाइरसका बिरामी रहेका छन् । 'वर्षायाम सकिने पछि एडिज एजिप्टी र एडिस एल्बोपिक्टस' प्रजातिको लामखुट्टेले बढ्ने गर्दछन्, उनले भने, 'तीनै प्रजातिका लामखुट्टेको टोकाइले डेंगु रोग लाग्दछ ।' उनले अहिले दैनिक चारदेखि पाँच जना आकस्मिक कक्षमा उपचार गर्न आउने गरेको बताए ।

स्वास्थ्य सेवा विभागको इपिडिमियोलोजी तथा सरुवा रोग नियन्त्रण महाशाखाका निर्देशक डा. चुमनलाल दासले साउन र भदौ महिनामा लामखुट्टेको संख्या वृद्धि हुने भएकाले काठमाडौं उपत्यकासहित तराईमा डेंगुका बिरामी बढेको बताए । उनले डेंगुलाई नियन्त्रण गर्नका लागि लामखुट्टेको लार्भा खोजेर मार्नुपर्ने बताए । 'अहिलेको मौसममा लामखुट्टेका लार्भा धेरै नै उत्पादन हुने गर्दछ', उनले भने, 'पानी जम्न नदिनु, खाल्डाखुल्डी पुर्नु र साना साना पानी जम्ने ठाउँलाई नष्ट गर्नुपर्दछ ।' उनले डेंगु रोकथाम र नियन्त्रणका लागि काठमाडौं उपत्यका जिल्ला स्वास्थ्य कार्यालय र स्थानीय तहलाई निर्देशन दिइरहेको बताए । उनका अनुसार देशभरिका १३९ स्थानीय तहमा डेंगु रोकथाम र नियन्त्रण गर्न लार्भा नियन्त्रण र जनचेतना जगाउनका लागि बजेट विनियोजन गरिएको बताए । उपत्यकामा ललितपुरमा सबभन्दा बढी डेंगुका बिरामी देखिएका छन् । लामखुट्टे धेरै पाइने तराई-मधेश तथा पहाडी क्षेत्रमा डेंगुको सङ्क्रमण बढ्दै गएको छ । विशेष गरी जनघनत्व बढी भएका काठमाडौं उपत्यका, पोखराजस्ता शहरमा डेंगु ज्वरोका बिरामी बढिरहेका छन् ।

त्रिभुवन विश्वविद्यालय (त्रिवि) शिक्षण अस्पतालमा अहिले ११ जना डेंगुका बिरामीले उपचार गराइसकेका अस्पतालका सूचना अधिकारी रामबिक्रम अधिकारीले जानकारी दिए । उनले अस्पतालमा कोरोना भाइरसका बिरामी घटेसँग डेंगुका बिरामी बढेको बताए ।

नेपालमा सन् २००४ मा पहिलो पटक डेंगुको बिरामी फेला परेको थियो । सन् २००४ मा एक जनामा डेंगु देखिएको थियो । त्यसयता डेंगुको सङ्क्रमण देखिँदै आएको छ । सन् २००६, २०१०, २०१२, २०१३, २०१७ र २०१९ मा डेंगु बढेको पाइन्छ । सन् २०१९ मा १७ हजार ९९२ जनामा डेंगुका बिरामी देखिएका थिए । तराई-मधेशमा बढी देखिने डेंगु २०१८ पछि भने पोखरा, काठमाडौंजस्ता पहाडी सहरमा पनि देखा पर्‍यो । उपत्यकामा लामखुट्टे बढेको र डेंगुका बिरामी पनि उपत्यका प्रवेश गरेका र ती बिरामीबाट अन्य मानिसलाई लामखुट्टेले रोग सार्ने गरेकाले उपत्यकामा डेंगुका बिरामी बढी देखिएका हुन् ।

निजामति कर्मचारी अस्पतालले डेंगुबाट बच्नका लागि सबै शय्यामा रहेका बिरामीलाई झुल प्रयोग गर्न निर्देशन दिएको छ । इपिडिमियोलोजी तथा सरुवा रोग नियन्त्रण महाशाखाका भेक्टर कन्ट्रोल निरीक्षक उत्तमराज प्याकुरेलका अनुसार अहिलेसम्म दुई हजार आठ सय २७ जनामा डेंगुका बिरामी फेला परेका छन् । प्रदेश नं १ मा दुई सय एक जना, मधेश प्रदेशमा ५८ जना, बागमती प्रदेशमा एक हजार छ सय ९७ जना, गण्डकी प्रदेशमा ७८ जना, लुम्बिनी प्रदेशमा छ सय ६६ जना, कर्णाली प्रदेशमा ३९ जना र सुदुरपश्चिम प्रदेशमा ८८ जनामा डेंगुका बिरामी रहेका छन् ।

### दश जिल्लामा बढी डेंगुका बिरामी

डेंगुका बिरामी सबभन्दा बढी १० जिल्लामा रहेका छन् । ललितपुरमा एक हजार ५६, रुपन्देहीमा तीन सय ७७ जना, काठमाडौंमा तीन सय ३२ जना, तेह्रथुममा ७७ जना, धादिङमा ७६ जना, सिन्धुली ६१ जना, सङखुवासभा र भक्तपुरमा ५७ जना, अर्धाखाचीमा ५१ र गुल्मीमा ४९ जना बिरामी भेटिएका छन् ।

एकैठाउँ जमेर रहेको सङ्लो पानीमा डेंगु सार्ने लामखुट्टेले अन्डा पार्ने गर्छ । त्यसैले धेरै समय बाहिर खुलारुपमा पानी राख्न हुँदैन । डेंगुको रोकथाम गर्नुभनेको लामखुट्टेको टोकाइबाट बच्नु हो । साँझ-बिहान लामखुट्टेको टोकाइबाट बच्न सतर्क रहनुपर्छ । घरमा जालीढोका लगाउने, झुल टाँगेर सुत्ने, साँझ-बिहान सकेसम्म बाहिर ननिस्कने तर निस्कनै परे लामा बाहुला भएका लुगा लगाउने वा लामखुट्टे भगाउने क्रिम लगाएर हिँड्ने गर्नुपर्दछ ।

# गणेश चतुर्थी व्रत पर्व मनाइँदै



**काठमाडौं/मस–** प्रत्येक वर्ष भाद्र शुक्ल चतुर्थीका दिन अग्रपूजाको अधिकार प्राप्त गर्नुभएका विघ्नहर्ता भगवान् गणेशको पूजा आराधना गरी मनाइने गणेश चतुर्थी व्रत पर्व मनाइँदै छ । सत्ययुगमा भाद्र शुक्ल चतुर्थीका दिन भगवान् गणेशको जन्म भएको शास्त्रीय मान्यता छ । यस अवसरमा आज उपत्यकाका अशोकविनायक, चन्द्रविनायक, सूर्यविनायक, कमलविनायक, कमलादी गणेशलगायत देशभरका गणेश मन्दिरमा विशेष पूजा गरी गणेशको जन्मोत्सव मनाउने गरिन्छ ।

शिवपार्वतीका पुत्र गणेशलाई जुनसुकै धार्मिक कर्ममा अग्रपूजाको अधिकार प्राप्त छ । आज हरितालिका (तीज) को व्रत पारायण गरी गणेशको व्रत गर्ने शास्त्रीय मान्यता रहेको नेपाल पञ्चाङ्ग निर्णायक समितिका सदस्य एवं धर्मशास्त्रविद् प्राडा देवमणि भट्टराईले जानकारी दिए । भाद्र शुक्ल तृतीयाका दिन सुखद दाम्पत्य जीवन तथा सुखशान्तिको कामना गरेका बर्तालुले चतुर्थीका दिन जीवनमा विघ्न नआओस् भनी कामना गर्न गणेश पूजा गर्ने विधान गणेश पुराणमा उल्लेख छ । बिहान हरितालिका (तीज) को व्रत समापनका लागि पारायण गरी मध्याह्नकालमा गणेशको पूजा आराधना गरी अर्घ्य दिनुपर्ने विधि रहेको धर्मशास्त्रविद् भट्टराईले सुनाए । यस अवसरमा केही मानिसले भने गणेश चतुर्थीको व्रतसमेत गर्छन् ।

मङ्गल चतुर्थीसमेत भनिने यो पर्वलाई नेवार समुदायले भने चथा पर्वका रूपमा मनाउँछ । तिथिको घटबढका कारण चथा पर्व मङ्गलबार नै रहेको समितिले स्वीकृति दिएका पञ्चाङ्गमा उल्लेख गरिएको छ । यस दिन बालबालिकालाई 'छुस्यामुस्या' बाँड्ने चलन पनि नेवार समुदायमा रहेको छ ।

विसं २०६५ देखि यस पर्वका अवसरमा चतुर्थीको भोलिपल्ट राजाधानी लगायत मुख्य सहरमा गणेश रथयात्रा पनि गरिन्छ । विसं २०६४ मा यसै दिन राष्ट्रिय धर्मसभाको स्थापना भएको थियो । यसैले यसदिन धर्मसभाको स्थापना दिवस पनि मनाउने गरिन्छ ।

# मानव बेचविखनका अभियुक्तलाई मकाउबाट झिकाइयो

**काठमाडौं/मस–** इन्टरपोलबाट रेड नोटिस जारी भएको मानव बेचविखन तथा ओसारपसार मुद्दाका फरार अभियुक्त लमजुङ दोर्दी गाउँपालिका-१ का ३८ वर्षीय नारायणप्रसाद अधिकारीलाई मंगलबार प्रहरीले पक्राउ गरेको छ ।

मानव बेचविखन तथा ओसार पसार मुद्दामा संलग्न रही फरार रहेका अधिकारीलाई प्रहरीको मानव बेचविखन अनुसन्धान ब्युरोको अनुरोधमा इन्टरपोल महासचिवालयबाट रेड नोटिस जारी भई खोजी गर्ने क्रममा इन्टरपोल मकाउको समन्वयमा नेपाल ल्याइएको हो । आज नेपाल भिकाइएका उनलाई त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलबाट




प्रहरीको इन्टरपोल शाखाको टोलीले नियन्त्रणमा लिई थप कारबाहीका लागि ब्युरोमा पठाएको छ ।

अधिकारीले सुरुमा मासिक रु एक लाख ५० हजार तलब हुने गरी क्यानेडाली कम्पनीमा रोजगारी मिलाइदिने बहानामा पीडितको २५/२५ सय डलर र पासपोर्टसमेत लिएका खुलेको छ ।

त्यसपछि उनले संयुक्त अरब इमिरेट्समा राखेकोमा त्यहाँबाट लिबिया हुँदै इटाली लाने भनी पुनः रु तीन लाख आफ्नो श्रीमतीको बैंकको खातामा जम्मा गर्न लगाई पीडितलाई लिबियाको शरणार्थी क्याम्पमा पुऱ्याएका थिए ।

क्याम्पमै रहेको अवस्थामा लिबियास्थित नेपाली सेनाको शान्ति सेना मिसन, इजिप्टस्थित नेपाली राजदूतावास र आईओएमको समन्वयमा पीडितलाई नेपाल फिर्ता ल्याइएको थियो ।

# विद्यार्थीसहित २४८ चालक कारबाहीमा




**काठमाडौं/मस–** काठमाडौं उपत्यकामा विद्यार्थी सुरक्षा लक्षित जाँच अभियानका क्रममा दुई सय ४८ चालक कारबाहीमा परेका छन् ।

उपत्यकाका विभिन्न ठाउँमा मंगलबार गरिएको सवारी साधन जाँच कागजपत्र साथमा नभएका सात विद्यार्थी र ट्राफिक नियम उल्लङ्घन गर्ने दुई सय ४१ जना चालक कारबाहीमा परेका हुन् ।

तीमध्ये मदिरा सेवन गरी सवारी साधन चलाउने तीन चालकसमेत छन् । नयाँबसपार्क क्षेत्रबाट बा३ख १००३ नम्बरको बस चालक, बा१ज ८१८१ नम्बरको माइक्रो बसका चालक र दरबारमार्ग क्षेत्रबाट बा४ख ८०५९ नम्बरको ट्रक चालकलाई मापसे गरी सवारी साधन चलाएको कसुरमा ट्राफिक प्रहरीले कारबाही गरेको हो । पछिल्लो केही समयदेखि ट्राफिक प्रहरीले विद्यार्थी लक्षित सवारी साधन जाँच अभियान चलाउँदै आएको छ भने नियम उल्लंघनविरुद्धको कारबाही पनि अभियानकै रूपमा अघि बढाएको छ ।

# चाडपर्वमा यातायातलाई सहज बनाउन आग्रह




**काठमाडौं/मस–** नेपाली कांग्रेसका सहमहामन्त्री महेन्द्र यादवले चाडपर्वको समयमा यातायात क्षेत्रलाई सहज र व्यवस्थित गर्न सरकारलाई आग्रह गरेका छन् । सहमहामन्त्री यादवले गृहमन्त्री बालकृष्ण खाँणलाई भेटेर ठूला चाडपर्व नजिकिएको बेलामा सार्वजनिक यातायामा सुरक्षित यात्रा र सहज यातायातको व्यवस्था गर्न ध्यानाकर्षण गरेका हुन् । कांग्रेसको निवर्तमान यातायात समन्वय विभागका प्रमुखसमेत रहनुभएका यादवले ट्रक व्यवसायी महासङ्घको विधानबारे पनि छलफल गरेका थिए । उनले यातायात क्षेत्रमा देखिएका वर्तमान विषयवस्तुलाई विधानमा समेटेर अगाडि बढ्ने बारेमा छलफल गर्नुभएको गृहमन्त्री खाँणका प्रेस संयोजक मधुसुदन भट्टराईले जानकारी दिए ।

भेटमा गृहमन्त्री खाँणले चाडपर्वको समयमा सहज यातायातको व्यवस्थापनबारे सरकार सजक रहेको बताएका थिए । उनले मुख्य चाडपर्व नजिकिएको वेलामा यातायात व्यवस्थित र सहज बनाउन अहिलेबाट नै पहल गरिरहेको स्पष्ट पारे । भेटमा गृहसचिव टेकनारायण पाण्डेको समेत उपस्थिती थियो ।

### जबराविरुद्धको ...

गरिएको छ । न्यायमा विचलन, इमानदारिताको अभाव, इमानदारिपुर्वक पदीय कर्तव्य निर्वाह नगरेको भन्ने आरोपलाई पनि प्रश्नावलीमा राखिएको छ । कोड अफ इथिक्सकै अभाव देखिएको, आफ्नो स्वइच्छाले काम गर्ने स्वइच्छाचारी भएको, व्यक्तिगत रुपमा के के फाइदा हुन्छ छानी छानी काम गरेको देखिएको भनी आएको उल्लेख गरेर प्रश्नावली तयार भएको छ । मुद्धामा चलखेल गरेको, कार्यपालिकासँग साँठगाँठ गरेर अनुचित लाभ लिएको, संवैधानिक निकायमा भाग स्वीकार गरेको, मन्त्रीमा भागवण्डा लिएको जस्ता विषयलाई पनि गम्भीरतापुर्वक उठाउने समितिको तयारी छ ।

जबराविरुद्ध नेपाल बारले पेस गरेका प्रमाणहरुमा पनि इच्छाराज तामाङको मुद्दामा अधिवक्ता रुद्र पोखरेल र न्यायाधीश राजकुमार कोइरालाबीच भएको संवाद, सर्वोच्च अदालतको भवन निर्माणमा भएको भनिएको अनियमितता, संवैधानिक इजलास अवरुद्ध गर्ने गरी डा. गणेश रेग्मीको रिटको अन्तरिम आदेश र पूर्ण फैसला, जबरा पदमा रहँदा विकृति र विसंगतिलाई प्रश्रय दिएको, विकृति विसङ्गति अन्त्यको प्रतिवेदन कार्यान्वयनमा इच्छा नदेखाएको, बिचौलिया प्रयोग गरी सम्पत्ति आर्जन गरी आफन्तको नाममा राखेको आरोप, जबराका सम्धी पूर्वगभर्नर तिलक रावल, ज्वाइँ विनय रावल, अर्का सम्धी रामशरण थापा, भाइ प्रभुशमशेर तथा दिदी भिनाजुको समेत सम्पत्ति, अख्तियारको स्टिङ अपरेसन खारेज गराउन अनुकूलको इजलास गठन, विभिन्न जिल्लामा विचाराधीन मुद्दा फैसला गर्न निश्चित अवधिका लागि न्यायाधीश काजमा पठाएको आरोप, सिद्धबाबाको मुद्दा फैसलाका लागि आर्थिक लेनदेन गरेको लगायतका आरोप छन् ।

समितिमा प्राप्त प्रमणहरुमा रञ्जन प्रसाद कोइरालाको मुद्दामा सजाय घटाउने फैसला गरेको र यसबारे सर्वोच्च अदालतबाट मिसिल झिकाएर छानबिन हुनुपर्ने माग रहेको छ । सर्वोच्च अदालतलगायतका भवन निर्माण भएको अनियमितताबारे विज्ञहरुबाट छानबिन हुनुपर्नेमा जोड दिइएको छ । न्यायाधीशको आचार संहिता विपरीत निलम्बित प्रधानन्यायाधीश जबराले गत वर्ष टेलिभिजनमा दिएको अन्तर्वार्ता पनि प्रमाणको रुपमा लिन सुझाइएको छ ।

जेष्ठ सदस्यको हैसियतमा समितिको नेतृत्व गर्दै आएका सांसद राम बहादुर बिष्ट जबरालाई प्रयाप्त समय दिएर सफाई पेश गर्न लगाइने र त्यस आधारमा समिति निचोडमा पुग्ने बताउँछन् । 'आरोपित जबरालाई सफाई पेश गर्नका लागि लागि प्रयाप्त समय दिन्छौं । त्यस आधारमा समिति निचोडमा पुग्छ र महाअभियोग लाग्ने नलाग्ने निर्क्योल हुन्छ ।'

### जबरजस्ती...

सोही अनुसार नेताहरुबीच भेटघाट पनि भएका छन् । शीर्ष तहले निर्णय गरेपछि त्यसै अनुसार सबै दलका नेता/कार्यकर्ताहरु परिचालित हुनेछन् ।'

### अझै...

कार्यदलले बताएको छ । तरपनि कार्यदलबाट पीडितलाई न्याय दिन ठोस उपाय पेश हुने भने देखिदैंन ।

एक तथ्यांकका अनुसार देशभरबाट १८ सय ३२ मिटरब्याज पीडितले उजुरी दर्ता गरेका छन् । जसमध्ये मधेशबाट मात्रै कुल उजुरीको ५८ प्रतिशत पीडित रहेको देखिन्छ । त्यस्तै, वाग्मती प्रदेशमा ३५८, लुम्बिनीमा २११, प्रदेश १ को ९२, सुदूरपश्चिमको ४५, गण्डकीको ३५ र कर्णाली प्रदेशको २२ वटा उजुरी परेका छन् । जसमा कसैलाई दिएको रकमभन्दा दोबर रकमको कागजपत्र बनाएर ठगिएको छ भने कसैलाई दृष्टिबन्धक राखेको भनेर झुक्याएर जग्गापास गर्ने कागजमा हस्ताक्षर गरेर ठगेको पाईन्छ । त्यस्तै कतिपयलाई थोरै रकम दिएर पछि साहुहरू आफैंले रकम थप गरेर झुक्याइएको पनि खुलेको छ । "हामीले पीडितलाई बोलाएर पहिले पनि त्यसबारे बुझाइसकेका छौं । त्यसअनुसार कागज र प्रमाण पुग्नेलाई कारबाही पनि भएको छ, कार्यदलले पनि काम गर्दैछ हामी छिट्टै न्याय दिलाउँछौं" गृहमन्त्रालयका प्रवक्ता फणिन्द्रमणि पोखेलले भने । जग्गा नै पास गरिदिइसकेका हकमा भने प्रमाणले कारबाही गर्न समस्या हुने प्रवक्ता पोखरेलको भनाई छ । बैंक तथा वित्तिय संस्थाले सर्वसाधारणलाई सहज रुपमा कर्जा दिने वातावरण नबन्दा केही टाठाबाठा व्यक्तिहरुले सोझा जनता ठगेको कतिपयको बुझाई छ । तसर्थ पनि ठगी गर्नेलाई कारबाही गर्ने र कानुनी रूपमा पहुँचका आधारमा कोही पनि बच्न सक्दैनन् भन्ने प्रत्याभूति गरेमा मात्र मिटरब्याजका नाममा हुने ठगी न्यूनीकरण देखिन्छ । अन्यथा मिटब्याजको समस्या झनै मौलाउने प्रष्ट छ ।

### मलेसियामा...

पाएको सबै संख्यामा विदेशी कामदार ल्याउन आग्रह गरेको छ । मलेसिया नेपाली कामदारको पनि आकर्षक गन्तव्य हो । मलेसियामा कामदारको न्यूनतम तलब वृद्धि भएपछि आकर्षण थप बढेको छ ।

# कलैयामा कोभिड–१९ विरुद्ध बालाबलिकालाई फाइजर खोप



**कलैया/मस–** कोभिड-१९ विरुद्ध बारा जिल्लाका स्थानीय तहहरूमा पाँच वर्षदेखि १२ वर्षमुनिका एक लाख २० हजार बालबालिकालाई फाइजर खोप दिने अभियान शुरु हुने भएको छ ।

खोप अभियान कार्यक्रमको पहिलो चरणमा यही भदौ १६ देखि ३१ गतेसम्म जिल्लाको कलैया उप-महानगरपालिका, जीतपुर सिमरा उप-महानगरपालिका, निजगढ र कोल्हबी नगरपालिका, फेंटा, प्रसौनी, विश्रामपुर र परवानीपुर गाँउपालिकाका पाँच वर्ष देखि १२ वर्षमुनिका बालबालिकालाई फाइजर खोप दिइने स्वास्थ्य कार्यालयका खोप अधिकृत जितन चौधरीले बताए ।

यसैगरी दोस्रो चरणमा यही भदौ २७ देखि ३१ गतेसम्म जिल्लाको सिम्रौनगढ, पचरौता, महागढीमाई नगरपालिका, आदर्श कोतवाल सुवर्ण, देवताल, बारागढी र करैयामाई गाँउपालिकामा खोप दिइने छ । खोप अभियान कार्यक्रमको सम्पूर्ण तयारी भइसकेको छ ।

# ६ सय ६३ अस्थायी दरबन्दी स्वीकृत गर्ने सरकारको निर्णय

**काठमाडौं/मस–** सरकारले विभिन्न मन्त्रालय मातहतका आयोजना तथा कार्यक्रमका लागि विभिन्न पदका छ सय ६३ अस्थायी दरबन्दी स्वीकृत गरेको छ। मन्त्रिपरिषद्को भदौ १३ गते बसेको बैठकले आर्थिक वर्ष २०७९/८० का लागि मन्त्रालयअन्तर्गतका आयोजना, परियोजना, कार्यक्रम र समितिमा आवश्यक राजपत्राङ्कित श्रेणी वा सोसरहका विभिन्न अस्थायी दरबन्दी स्वीकृत गरेको हो।

मन्त्रिपरिषद्को निर्णय सार्वजनिक गर्न मंगलबार सञ्चार तथा सूचना प्रविधि मन्त्रालयमा आयोजित पत्रकार सम्मेलनमा सरकारका प्रवक्तासमेत रहेका सञ्चारमन्त्री ज्ञानेन्द्रबहादुर कार्कीले विभिन्न मन्त्रालय मातहतका आयोजनाका लागि विभिन्न सेवा, समूह, उपसमूह र श्रेणीका पदका अस्थायी दरबन्दी स्वीकृत गरिएको जानकारी दिए। सोसम्बन्धी निर्णय नयाँ नियुक्ति गर्नका लागि नभएर स्थायी कर्मचारीबाटै व्यवस्थापन गर्ने प्रयोजनका लागि पद सिर्जना गरिएको उनले स्पष्ट पारे।

उनले भने, 'आयोजना, कार्यक्रम अस्थायी प्रकृतिका हुने भएकाले स्थायी दरबन्दी सिर्जना गर्दा आयोजना कार्यक्रमको समापप्तिपछि यसरी दरबन्दी सिर्जना भएका पदमा नियुक्त कर्मचारीका व्यवस्थापनमा जटिलता आउने र थप आर्थिक दायित्वसमेत बढ्ने भएकाले स्थायी कार्यरत कर्मचारीबाट खटाउने उद्देश्यले आवश्यकताअनुसार दरबन्दी सिर्जना गरिएको हो। विगतका वर्षमा समेत यस्तो अभ्यास रहेको छ।' ऊर्जा, जलस्रोत तथा सिँचाइ, उद्योग, वाणिज्य तथा आपूर्ति, कृषि तथा पशुपक्षी विकास, वन तथा वातावरण र शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय र चिकित्सा शिक्षा आयोगअन्तर्गतका आयोजना कार्यक्रमका



लागि अस्थायी दरबन्दी स्वीकृत गरिएको हो।

मन्त्रिपरिषद् बैठकले ऊर्जा मन्त्रालयका आयोजना/कार्यक्रमको निम्ति विभिन्न सेवा, समूह, उपसमूह र श्रेणीका राजपत्राङ्कित अधिकृत तहका चार सय ३१ तथा राजपत्राङ्कित स्तरका २८ र सातौँ तहका दुई गरी जम्मा ३० पद उद्योग मन्त्रालयअन्तर्गतका आयोजनाका लागि स्थायी दरबन्दी स्वीकृत भएको छ। कृषि मन्त्रालयअन्तर्गत सञ्चालिन विभन्नि आयोजनाका लागि कुल ५० राजपत्राङ्कित पदको अस्थायी दरबन्दी स्वीकृत गरिएको छ। वन मन्त्रालयअन्तर्गत सञ्चालित आयोजना तथा कार्यक्रमका लागि राजपत्राङ्कित श्रेणीको ४७ अस्थायी दरबन्दी स्वीकृत गर्ने निर्णय गरिएको सञ्चारमन्त्री कार्कीले जानकारी दिए।

बैठकले चिकित्सा शिक्षा आयोग र शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयअन्तर्गतका आयोजना, परियोजना, कार्यक्रम र समितिका लागि राजपत्राङ्कित श्रेणी वा सो सरहका कूल एक सय पाँच अस्थायी दरबन्दी स्वीकृत गरेको छ। मन्त्रिपरिषद् बैठकले विश्व बैंक समूहको अन्तर्राष्ट्रिय विकास संस्थाबाट डिजिटल नेपाल एक्सलरेसन परियोजनाको लागि एक सय ४० मिलियन अमेरिकी डलर (करिब रु १७ अर्ब ) सहुलियतपूर्ण ऋण स्वीकार्ने निर्णय गरेको छ।

बैठकले यही भदौ २४ देखि २६ सम्म भुटानमा आयोजना हुने इसिमोडको ५३ औँ बोर्ड अफ गभर्नरको बैठकमा सहभागी हुन राष्ट्रिय योजना आयोगका उपाध्यक्ष डा. विश्वनाथ पौडेललाई स्वीकृति प्रदान गरेको छ। भदौ २० देखि २४ सम्म भुटानको पारोमा आयोजना हुने विश्व स्वास्थ्य सङ्गठनको ७५ औं क्षेत्रीय समितिको बैठकमा भाग लिनका लागि स्वास्थ्य तथा जनसङ्ख्या राज्यमन्त्री हिराचन्द्र केसी, सचिव डा. रोशन पोखरेल, प्रमुख विशेषज्ञ डा. सङ्गीता कौशल मिश्रलाई सहभागी हुन स्वीकृति प्रदान गर्ने निर्णय भएको छ।

यस्तै आगामी असोज ४ र ५ गते मुस्ताङमा हुने अन्तर्राष्ट्रिय पर्वतीय दिगो विकास वर्ष 'मुस्ताङ समिट' मा विभिन्न ४ मुलुकका मन्त्रीलाई आमन्त्रण गर्न स्वीकृति दिने मन्त्रिपरिषद्ले निर्णय गरेको छ। असोज १० देखि १४ गतेसम्म अमेरिकामा सञ्चालन हुने दि ग्लोबल मिथेन, क्लाइमेट एन्ड क्लिन एयर फोरममा भाग लिन वन तथा वातावरणमन्त्रीलाई स्वीकृति दिने निर्णय गरिएको छ।

जिटुजी प्रावधानअन्तर्गत भारत सरकारसँग हस्ताक्षर भएको समझदारीपत्रमा भएको व्यवस्थाबमोजिम मल खरिद गर्न समझदारीपत्रको बाँकी अवधिको लागि कृषि सामग्री कम्पनी लिमिटेडलाई तोक्ने बैठकले निर्णय गरेको छ। जिल्लासभा प्युठानको नाममा रहेको साविक बरौला-८ स्थित १० रोपनी जग्गा ऐरावती गाउँपालिका प्युठानको नाममा हक हस्तान्तरणको लागि स्वीकृति दिने निर्णय गरिएको छ।

# सञ्जिव गुरुङ नुवाकोट १ 'क'बाट प्रदेशसभा सदस्यमा सिफारिस



**काठमाडौं/मस–** नेपाली कांग्रेसले युवा नेता सञ्जिव गुरुङलाई बागमती प्रदेशसभा सदस्य उम्मेदवारमा सिफारिस गरेको छ। कांग्रेसको प्रदेश क्षेत्रीय समिति बैठकले नुवाकोट क्षेत्र नं १ को प्रदेशसभा 'क'बाट गुरुङलाई प्रत्यक्षतर्फ खुला प्रदेशसभा सदस्य उम्मेदवारमा सिफारिस गरेको हो।

नुवाकोटको शिवपुरी गाउँपालिका वडा नं ४ का गुरुङ हाल नुवाकोट क्षेत्र नं १ तरुण दलका क्षेत्रीय सल्लाहकार हुन्। राजनीति सँगसँगै समाजसेवामा पनि सक्रिय रहेका गुरुङ आफ्नो क्षेत्रमा राम्रो पकड भएका युवा नेता मानिन्छन्। प्रदेश क्षेत्रीय समितिले संसदीय क्षेत्रीय समितिलाई नाम सिफारिस गरेको हो। अब संसदीय क्षेत्रीय समितिले जिल्लालाई र जिल्लाले प्रदेशलाई नाम सिफारिस गरेर पठाउने छ।

# आयोगका पदाधिकारीलाई नियुक्तिपत्र प्रदान



**काठमाडौं/मस–** अर्थमन्त्री जनार्दन शर्माले राष्ट्रसेवक कर्मचारी र श्रमिकको न्यूनतम तलब, भत्ता तथा पारिश्रमिक पुनरावलोकन गर्न बनेको उच्चस्तरीय तलब सुविधा आयोगका संयोजक तथा सदस्यलाई नियुक्तिपत्र प्रदान गरेका छन्। अर्थ मन्त्रालयमा मंगलबार आयोजित एक कार्यक्रमकाबीच मन्त्री शर्माले आयोगका संयोजक तथा दुई सदस्यलाई नियुक्ति पत्र प्रदान गरेका हुन्।

चालु आर्थिक वर्षको बजेटको बुँदा नम्बर ३६७ मा (राष्ट्रसेवक कर्मचारीको न्यूनतम तलब र सुविधा पुनरावलोकन गर्न र श्रमिकको तलब सुविधाको अध्ययन गरी नेपाल सरकारलाई सिफारिस गर्न एक उच्चस्तरीय तलब सुविधा आयोग गठन गरिनेछ) उल्लेख भएअनुसार अर्थमन्त्रीको प्रस्तावमा मन्त्रिपरिषद्ले यही भदौ ६ गते आयोग गठन गरेको थियो।

आयोग पूर्वमुख्यसचिव लीलामणि पौड्यालको संयोजकत्वमा गठन भएको हो। संयोजक पौड्यालसहित सदस्य पूर्वसचिव विमल वाग्ले र नेपाल राष्ट्र बैंकका पूर्वकार्यकारी निर्देशक शिवनाथ पाण्डेलाई नियुक्तिपत्र प्रदान गरिएको हो। आयोगले सरकारले निर्धारण गरेको मर्यादाक्रम बमोजिम राष्ट्रसेवक कर्मचारीको तलबमान समायोजन गर्न सिफारिस गर्नेछ। नेपालका सम्पूर्ण श्रमिकको पारिश्रमिक, सेवा तथा सुविधाका मापदण्ड पनि सिफारिस गर्नेछ।

सरकारले आयोगलाई दिएको कार्य सर्तमा विगतमा गठन भएका तलब, भत्ता पुनरावलोकन गर्नेसम्बन्धी आयोग, समिति र कार्यदलबाट प्रस्तुत भएका प्रतिवेदनबाट आवश्यक सूचना सङ्कलन गरी विश्लेषण गर्नेछ। दक्षिण एसियाली मुलुकका राष्ट्रसेवक कर्मचारीको तलब सुविधाको अध्ययन एवं अर्थतन्त्रको वर्तमान अवस्थाको अध्ययन विश्लेषण गरी राष्ट्रसेवक कर्मचारीको तलब सुविधा सिफारिस गर्ने, नेपाल सरकारले निर्धारण गरेको मर्यादाक्रम बमोजिम राष्ट्रसेवक कर्मचारीको तलबमान समायोजन गर्न सिफारिस गर्नेछ।

कार्यपालिका, व्यवस्थापिका, न्यायपालिकालगायत निकाय तथा संवैधानिक निकायको जोखिम, कार्य समय, अतिरिक्त कार्य समय, कार्यभारको आधारमा उत्प्रेरणा योजनाको अध्ययन विश्लेषण गरी विद्यमान व्यवस्थामा पुनरावलोकन गर्ने गरी सिफारिस गर्नेलगायत छन्।

आयोगको समयावधि तीन महिनाको हुनेछ। यद्यपि आवश्यक परेको खण्डमा मन्त्रिपरिषद्ले यसको म्याद थप गर्न सक्नेछ भने आयोगका संयोजकको मन्त्री सरह र सदस्यको राजपत्रांकित विशिष्ट श्रेणी सरह पारिश्रमिक तथा मर्यादाक्रम हुनेछ। मन्त्री शर्माले संयोजक तथा सदस्यलाई नियुक्ति पत्र हस्तान्तरण गर्दै सरकारले सबैलाई न्याय र समयानुकूल हुने पारिश्रमिक तथा सेवा सुविधाबारे गहिरो अध्ययन गरेर आयोगबाट सुझाव प्राप्त गर्ने विश्वास व्यक्त गरे। संयोजक पौडेलले नेपाल सरकारले विश्वास गरेर यो जिम्मेवारी दिएकोमा अर्थमन्त्रीलाई धन्यवाद दिए। समयमै सरकारले अपेक्षा गरेको सुझाव दिने बताए। आयोगको कार्यालय सङ्घीय मामिला मन्त्रालयमा रहने अर्थमन्त्रीका जनसम्पर्क सल्लाहकार मनऋषि धितालले जानकारी दिए।

# आम निर्वाचनः प्रहरीलाई करिब ८ अर्ब बजेट

**काठमाडौं/मस–** आगामी मङ्सिर ४ गते हुने प्रतिनिधिसभा सदस्य र प्रदेशसभा निर्वाचनका लागि नेपाल प्रहरीलाई सात अर्ब ९९ करोड ४९ लाख दुई सय बजेट प्राप्त भएको छ। नेपाल प्रहरीका लागि रु एक अर्ब २३ करोड ५० लाख ९९ हजार २०० तथा म्यादी प्रहरीका लागि रु पाँच अर्ब, ८६ करोड, ३९ लाख ५० हजार बजेट छुट्याइएको हो। उक्त बजेट अर्थ मन्त्रालयबाट स्वीकृत भएर आएको प्रहरी प्रधान कार्यालय, प्रबन्ध निर्देशनालयका प्रहरी नायब महानिरीक्षक दीपक थापाले जानकारी दिए।

उक्त निर्वाचनका लागि ७१ हजार छ सय ९३ प्रहरी कर्मचारी र एक लाख १५ हजार म्यादी प्रहरी परिचालन गरिने भएको छ। यसपटक स्थानीय तहको निर्वाचनमा भन्दा २५ हजार बढी नेपाल प्रहरी तथा म्यादी प्रहरी थप गरिने भएको हो। जसमा १५ हजार म्यादी प्रहरी थपिने छन्।

निर्वाचनका समयमा प्रहरी कर्मचारीतर्फ जिल्लाभित्र खटिने प्रहरीले सात दिनका लागि र बाहिर जिल्लामा खटिने प्रहरीले १३ दिनका लागि दैनिक भ्रमण भत्ता पाउनेछन्। उक्त भत्ता सिपहीका हकमा प्रतिव्यक्ति प्रतिदिन रु एक हजार दुई सय हुनेछ। अन्य तहअनुसार भत्ता उपलब्ध हुने जनाइएको छ। उनीहरूले निर्वाचनको मुख्य चार दिन प्रतिदिन रु तीन सयका दरले खाजा खर्च पनि प्राप्त गर्नेछन्।

नेपाल प्रहरीले निर्वाचन प्रयोजनार्थ कुल एक सय ८० वटा गाडी (सवारीसाधन) खरिद गर्ने भएको छ। प्रहरीले निर्वाचनका लागि कुल एक हजार चार सय ९४ सवारीसाधन माग गरेको थियो। अर्थ मत्रालयबाट गाडी खरिदका लागि रु ७५ करोड बजेट स्वीकृत भएसँगै प्रहरीले गाडी खरिदको तयारी थालेको छ। प्रहरीले बढीमा रु ५० लाखसम्मका गाडी खरिद गर्न पाउनेछ। सोही आधारमा एक सय ८० वटा गाडी खरिद गर्न लागिएको डिआइजी थापाले जानकारी दिए।

निर्वाचनमा कुल दुई हजार सात सय ९५ वटा गाडी परिचालन गर्ने योजना प्रहरी प्रधान कार्यालयको छ। निर्वाचनको १२ दिनका लागि एक हजार ५० गाडी भाडामा लिन स्वीकृत प्राप्त भएको छ। भाडाका लागि प्रतिदिन रु १० हजार रकम छुट्याइएको छ। बाँकी अपुग गाडी मर्मत गरेर चलाइनेछ। सबै निर्वाचन सुरक्षा योजनाअनुसार परिचालन हुने भएकाले थपघट हुनसक्ने थापाले जानकारी दिए। यसपालि प्रहरीले १० हजार लठ्ठी खरिद गर्दैछ। प्रतिलठ्ठी रु दुई सयका दरले खरिद गर्ने जनाइएको छ।

प्रहरीले सात सय बढी सञ्चार सेट तथा आवश्यक हातहतियारको माग गरे पनि उपलब्ध नहुने भएपछि हतियार बहालगिरीमा प्रयोग गर्ने भएको छ। हाल चालु रहेका सेटसहित अपुग भएमा मोबाइलबाटै सञ्चार सेटको काम गरिने छ।

### म्यादी प्रहरीको तलब झण्डै ५० हजार

सरकारले आगामी मङ्सिर ४ गते हुने सङ्घ तथा प्रदेश निर्वाचनका लागि एक लाख १५ हजार म्यादी प्रहरी भर्नाका लागि स्वीकृति दिएको छ। यसअघि स्थानीय तह निर्वाचनमा एक लाख म्यादी प्रहरी भर्ना गरिएको थियो।

उनीहरूका लागि कुल रु पाँच अर्ब ८६ करोड ३९ लाख ५० हजार रकम विनियोजन भएको छ। कुल ४० दिनका लागि तलब, राशन, पोशाकलगायत सबै भत्तासहित जोडेर झण्डै रु ५० हजार हाराहारी तलब प्राप्त गर्र्नेछन्। यसपालि दुर्गममा खटिनेका लागि केही सेवा सुविधा थप गरिएको छ।

म्यादी प्रहरीले प्रहरी जवानसरहको सुविधा प्राप्त गर्नेछन्। सबै हिसाब गर्दा उनीहरूले ४० दिनका लागि कम्तीमा रु ४९ हजार दुई सय ६० तलब प्राप्त गर्नेछन्। हिमाली तथा दुर्गममा खटिनेहरूका लागि भने ५० हजार नाघ्ने छ।

म्यादी प्रहरीले तलब मात्रै रु ३४ हजार सात सय ६० प्राप्त गर्नेछन्। त्यसका अलावा रासनवापत रु सात हजार २०० पाउने छन्। तर दुर्गममा खटिनेका लागि त्यहाँको रासन बराबरकै प्राप्त गर्र्ने हुँदा केही थपिने छ। पोशाकका लागि रु छ हजार रुपैयाँ पाउने छन्। यसमा पनि हिमाली जिल्लामा खटिनेले (ज्याकेट खरिद) मा रु एक हजार थप पाउनेछन्। हिमाली जिल्लामा १५ हजार म्यादी प्रहरी खटिनेछ।

यस्तै आवतजावत भाडा खर्च रु एक हजार दिइनेछ। खाजा खर्च चार दिनको प्रतिदिन रु तीन सयका दरले पाउनेछन्। यो खर्च भने सबै प्रहरीले पाउनेछन्। म्यादी प्रहरीका लागि मापदण्ड तय हुँदैछ। आगामी असोजमा म्यादी प्रहरी भर्ना प्रक्रिया सुरु हुने केन्द्रीय प्रहरी प्रवक्ता प्रहरी नायब महानिरीक्षक टेकप्रसाद राईले जानकारी दिए।

### मतदानस्थल र मतदाता थपिएकाले सुरक्षाकर्मी थप

मतदानस्थल, मतदान केन्द्र र मतदातासमेत थपिने भएकाले यो पटक म्यादी प्रहरीसहित झण्डै २५ हजार प्रहरी कर्मचारी थप परिचालन गर्न लागिएको छ। नेपाल प्रहरीतर्फ १० हजार र म्यादीतर्फ १५ हजार बढाउन लागिएको हो। समानुपातिक निर्वाचनसमेत हुने भएको र कारागारका कैदीबन्दीले समेत मताधिकार प्रयोग गर्न पाउने भएपछि म्यादी प्रहरीसँगै अन्य प्रहरी कर्मचारीसमेत थप गरिएको हो। यसपालि झण्डै पाँच लाख मतदाता थपिने अनुमान गरिएको छ।

## मरिण गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
कपिलाकोट, सिन्धुली

### बोलपत्र आह्वान सम्बन्धी सूचना

**प्रथम पटक सूचना प्रकाशित मिति : २०७९/०५/१५**

मरिण गाउँपालिकामा संचालित नवप्रवर्तन साझेदारी कोष अन्तर्गत देहायनुसारका उन्नत जातका बंगुरका पाठा एवं भैंसीका पाडी खरिद तथा आपूर्ति कार्य मरिण गाउँपालिकाको सार्वजनिक खरिद नियमावली, २०७८ को नियम ३२ बमोजिम राष्ट्रियस्तरको खुल्ला बोलपत्रका माध्यमबाट खरिद गर्नुपर्ने भएकोले योग्य फर्म वा संस्थाहरुको जानकारीका लागि यो बोलपत्र आह्वान सम्बन्धी सूचना प्रकाशित गरिएको छ।

**देहाय**

| क्र. सं. | कार्य विवरण | ठेक्का नं. | परिमाण (ओटा) | अनुमानित लागत (रु.) | बोलपत्र जमानत रकम (रु.) | बोलपत्र फारम दस्तुर (रु.) | बोलपत्र मान्यहुने अवधि | दर्ता गर्ने अन्तिम मिति र समय | बोलपत्र खोल्ने मिति र समय |
|---|---|---|---|---|---|---|---|---|---|
| १. | उन्नत जातका बंगुरका पाठा खरिद तथा आपूर्ति कार्य | MRM/Goods (Livestock)/ NCB/01/2079-080 | ९०० | ७६,५०,०००/- | १,९५,०००/- | ३,०००/- | ९० दिन | २०७९/०६/१४ गते दिनको १२:०० बजेभित्र | २०७९/०६/१४ गते दिनको २:०० बजे |
| २. | उन्नत जातका भैंसीको पाडी खरिद तथा आपूर्ति कार्य | MRM/Goods (Livestock)/ NCB/02/2079-080 | १२० | ९०,००,०००/- | २,३०,०००/- | ३,०००/- | ९० दिन | २०७९/०६/१४ गते दिनको १२:०० बजेभित्र | २०७९/०६/१४ गते दिनको २:०० बजे |

१. बोलपत्र खरिद गर्न चाहने इच्छुक योग्य बोलपत्रदाताहरुले बोलपत्र सम्बन्धी कागजात माथि उल्लेखित बोलपत्र फारम दस्तुर मरिण गाउँ कार्यपालिकाको कार्यालयको राष्ट्रिय वाणिज्य बैंक, कपिलाकोटमा रहेको आन्तरिक राजश्व खाता नं. ग-१-११५३०१००३०१०१०००२ मा दाखिला गरि सार्वजनिक खरिद अनुगमन कार्यालयको वेबसाईट : www.bolpatra.gov.np बाट प्राप्त गर्न सकिनेछ र उक्त बोलपत्र मिति २०७९/०६/१४ गते दिनको १२:०० बजे भित्र E-Bid मार्फत पेश गर्नु पर्नेछ।

२. बोलपत्र सम्बन्धी कागजात तथा स्पेसिफिकेशन लगायतका विषयमा छलफल गर्न मिति २०७९/०६/०६ गते दिनको १:०० बजे मरिण गाउँ कार्यपालिकाको कार्यालयमा पूर्व-बोलपत्र बैठक आयोजना हुनेछ।

३. E-Bid मार्फत पेश हुन आएका बोलपत्रहरु मरिण गाउँ कार्यपालिकाको कार्यालय, कपिलाकोट, सिन्धुलीमा मिति २०७९/०६/१४ गते दिनको २:०० बजे उपस्थित हुन चाहने बोलपत्रदाता वा निजको प्रतिनिधिको रोहबरमा खोलिनेछ। तर बोलपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभएता पनि बोलपत्र खोल्न बाधा पर्ने छैन।

४. बोलपत्रको साथ माथि उल्लेखित तोकिएको रकममा नघट्नेगरी बोलपत्र जमानत वा मरिण गाउँ कार्यपालिकाको कार्यालयको राष्ट्रिय बाणिज्य बैंक, कपिलाकोटमा रहेको धरौटी खाता नं. १५३०१००३००००२ मा जम्मा गरेको सक्कल बैंकभौचर संलग्न गर्नुपर्नेछ र त्यस्तो बोलपत्र जमानतको मान्य हुने अवधि बोलपत्र खोलेको मितिबाट कम्तीमा पनि १२० दिन भन्दा बढीको हुनुपर्नेछ।

५. बोलपत्र खरिद गर्ने, पेश गर्ने र खोल्ने अन्तिम दिन सार्वजनिक विदा परेमा त्यसको भोलिपल्ट कार्यालय खुल्ने दिन अन्तिम दिन कायम हुनेछ। त्यस्तो अवस्थामा बोलपत्र र बोलपत्र जमानतको मान्य अवधि भने साविककै मिति देखि गणना गरिनेछ।

६. बोलपत्र स्वीकृत गर्ने, रद्ध गर्ने र आंशिक रुपमा स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयसँग सुरक्षित रहनेछ।

७. बोलपत्र सम्बन्धी अन्य शर्तहरु बोलपत्र फारममा उल्लेख गरिए बमोजिम हुनेछ।

प्रमुख प्रशासकीय अधिकृत


## मलेशिया र कतारमा रोजगारको अवसर

१. कम्पनी: KILANG BATU BATA HAP KEE SDN.BHD
शहर: MALAYSIA
पूर्व स्वीकृत मिति: २०७९/०५/१४ चलानी नं.: ६०१८६३९१ L.T. No.: 270574

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Factory Worker | 80 | 0 | स. काममा दक्ष | 1500 | ४२,६४५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

२. कम्पनी: Temp Star Cont & Services WII
शहर: Qatar
पूर्व स्वीकृत मिति: २०७९/०५/१४ चलानी नं.: ६०१८६३९२ L.T. No.: 270624

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Admin Director | 1 | 0 | सम्बन्धित काममा दक्ष | 4000 | १३९,७२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Executive Sales | 1 | 0 | | 2100 | ७३,००० | | | | | | | |
| 3. | Representative | 1 | 0 | | 2200 | ७६,८४६ | | | | | | | |
| 4. | supervisor | 1 | 0 | | 2500 | ८७,३२५ | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा भदौ २२ गते (7 Sept. 2022) मा हुनेछ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- रोजगार दाताले | रु. १,५००/- रोजगार दाताले | कम्पनी १ निशुल्क कम्पनी २ को १०,००० कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरू साथमा राख्नुहोला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। २. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ३. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ४. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो साग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला। ५. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ। ६. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला।

Triveni Hr Solution Pvt. Ltd.
Govt. Lic. No. 1174/073/074
Samakhusi, Kathmandu, Tel.: 01-4987601, 4987608, Fax.: 4989258, Email: triveni.oversear341@gmail.com

मध्यान्ह
राष्ट्रिय दैनिक
www.madhyanhadaily.com
१५ भदौ २०७९, बुधबार
31 August 2022, Wednesday

## सम्पादकीय

# लोकतन्त्रमा अमर्यादा !

आमनिर्वाचन नजिकिएसँगै दलहरूबीच मात्रै नभएर दलभित्रै पनि आन्तरिक प्रतिशर्धा चर्किएको छ । प्रमुख प्रतिपक्षी दल नेकपा एमालेमा भन्दा सत्तारूढ गठबन्धनभित्र आन्तरिक प्रतिशर्धा चर्को देखिन्छ । गठबन्धन भएकाले चुनाव जितिने आँकलनका कारणले पनि उम्मेद्वारका आकांक्षी संख्या धेरै देखिनु स्वभाविक हो । अघिल्लोपटक नेकपा एमाले र नेकपा माओवादी केन्द्र जस्ता बलिया शक्तिहरूबीच गठबन्धन हुँदा नेपाली कांग्रेसका बलिया उम्मेद्वारहरू समेत पराजित भएका थिए । प्रधानमन्त्रीका उम्मेद्वार रहेका कांग्रेसका वरिष्ठ नेता रामचन्द्र पौडेल वामगठबन्धनका औसत उम्मेद्वारबाट पराजित भए । अरू शीर्ष नेताहरू पनि वाम गठबन्धनसँग पराजित भए । तर वाम गठबन्धनतर्फ भने औसत उम्मेद्वारले जिते । यसपटक गठबन्धन अझ ठूलो भएकाले उम्मेद्वारका आकांक्षी धेरै देखिएको छ ।

गठबन्धनभित्रै धेरै भन्दा धेरै सिट संख्या लिने होडमा सत्तारूढ दलहरू देखिन्छन् । कांग्रेस सकेसम्म एकल बहुमत पुऱ्याउने चाहनामा छ भने गठबन्धनकै माओवादी केन्द्र, एकीकृत समाजवादी, जनता समाजवादी पार्टी र जनमोर्चा पनि सकेसम्म धेरै सिट लिन चाहन्छ । त्यसो हुँदा गठबन्धनभित्र सिट भागबण्डा मिल्न सकिरहेको छैन । प्रतिपक्षी एमालेमा केही सजिलो छ । एमाले, गठबन्धन भन्दा पनि सत्तारूढ दलहरूभित्रै आन्तरिक प्रतिशर्धा चर्को देखिएको छ । त्यसले एकअर्काप्रति आरोप-प्रत्यारोप लगाउन समेत पछि नपर्ने अवस्था देखिन्छ । चुनावमा सामान्य आरोप-प्रत्यारोप स्वभाविक कुरा हो । तर स्वतन्त्र उम्मेद्वारी दिन चाहनेहरूबीच पनि प्रतिशर्धा देखिएको छ । स्वतन्त्र र दलगत मतभेद पनि कतिपय अवस्थामा देखिएको छ ।

आमनिर्वाचनमा जनताको मन जित्नेगरी प्रतिशर्धा देखिनु लोकतन्त्रको सुन्दर पक्ष हो । किनकि धेरै भन्दा धेरै जनताको मन जित्न सक्ने व्यक्तिले जित्नु लोकतान्त्रिक अभ्यास हो । त्यसैले जनताको मन जित्नेगरी प्रतिशर्धा हुनुलाई सकारात्मक मान्नुपर्छ । तर जनताको मत र मन भन्दा पनि अर्थोक विषयलाई आधार मानिनु लोकतन्त्रको कमजोर पक्ष हो । अहिले जसरी शीर्ष नेता, गठबन्धनका नेता र अन्य दलका नेतालाई हिलो छ्यापेर आफूलाई श्रेष्ठ बनाउने प्रतिशर्धा चलिरहेको छ, यो लोकतान्त्रिक मर्यादाको कुरा होइन । यस्तो अस्वस्थ्य प्रतिशर्धा र आरोपले लोकतान्त्रिक मर्यादित बन्न सक्दैन । लोकतन्त्रलाई बलियो बनाउन यस्ता गलत प्रवृत्ति सच्याउन जरूरी छ ।

# 'नारीवाद'भित्र मुक्तिको प्रश्न

*पुरूषले गलत काम गर्दा त्यसको विरोध होइन, महिलाले पनि त्यस्तै गर्न पाउनुपर्छ वा गरे के हुन्छ ? भन्ने तर्क नारीवादीहरूले गर्ने गर्दछन् । महिला मुक्तिको कुरा, महिलाले मात्रै होइन पुरूषले पनि सिगरेट खानु वा धुम्रपान गर्नु गलत हो भन्ने कोणबाट आउँछ ।*

अग्रलेख



● सरस्वती मोहोरा

अहिले अभिनेत्री एलिजा गौतमले नाचेको विषय चर्चामा छ । जसमाथि धेरैले टिप्पणी पनि गरेका छन् । सवाल एलिजाले के नाचिन्, कस्तो नाचिन्, त्यो कुन नृत्यको स्टेप हो भन्नेमाथि होइन । त्यो नृत्य श्लील हो कि अश्लिल हो अथवा श्लीलता र अश्लिलताको मानक के हो भन्ने कुरा पनि होइन । सवाल के हो भने महिला मुक्तिको पक्षमा जुन वर्गको महिलाहरू र विचारको वकालत गरिँदैछ, त्यो गलत छ । स्त्री स्वतन्त्रताको नाममा जस्तोसुकै छाडा र अराजकतावादी, त्यो महिलाको हकमा मात्रै होइन पुरूषको हकमा पनि त्यो त्यति नै छाडा र अराजकतावादी नै हो । त्यस्तो छाडा पूँजीवादी अराजकतावादी स्वतन्त्रताको वकालत कसैले गर्छ भने त्यसमा कुनै आपत्ति छैन तर, त्यो क्रान्तिकारी, विद्रोही, महिलामुक्ति होइन । त्यो पूँजीवादी अराजकतावादी नारीवादी विद्रोह हो भन्ने कुरामा चाहिँ स्पष्ट हुनुपर्छ ।

पुरूषले सिगरेट खान्छन्, त्यसकारण महिलाले पनि खान पाउनुपर्छ ! वा खाए के हुन्छ ? अथवा पुरूषले गलत काम गर्दा त्यसको विरोध होइन कि महिलाले पनि त्यस्तै गर्न पाउनुपर्छ वा गरे के हुन्छ ? भन्ने तर्क चाहिँ नारीवादको हो । महिला मुक्तिको कुरा चाहिँ महिलाले मात्रै होइन पुरुषले पनि सिगरेट खानु वा धुम्रपान गर्नु गलत हो भन्ने हो । अझ त्यस्तो खाले भौतिक परिस्थितिलाई नै निरूत्साहित गर्नुपर्छ भन्ने कुरा चाहिँ महिला मुक्तिको हो । महिला मुक्ति र स्वतन्त्रताको गलत अर्थ लगाएर पुरूषसित प्रतिस्पर्धा अझ धेरैजसो त गलत कुरामा प्रतिस्पर्धा गर्ने गरेर महिला मुक्त हुन्छ भनेर सजिलो र सतही सोच नारीवादले राख्नसक्छ । नारीवादको लागि पितृसत्ताको विरोध भनेको पुरूषको विरोध मात्रै हो, त्यसमा पनि घरभित्र र परिवारभित्रका पुरुषहरूसितको विद्रोह हो ।

रूसी क्रान्तिकी नेतृ अलेक्जन्डर कोलोन्टाईले नारीवाद र महिलामुक्तिको दृष्टिकोणको फरक देखाउने क्रममा उल्लेख गरेका चर्चित प्रसंगलाई यता पनि राख्न सकिन्छ- नारीवादलाई घरभित्रका पुरुषहरू, बाउ, लोग्ने, दाई र भाईको बराबरी हुनु छ । श्रमजीवि महिलाहरूलाई भने मालिकको बराबर हुनु छ । अथवा दासत्व प्रणालीबाट नै मुक्ति पाउनु छ । यसरी राजनैतिक चेतनाका रूपमा नारीवादको विद्रोह चेतको दुरगामीता भनेको पारिवारिक व्यवस्थाप्रतिको असन्तुष्टि र विद्रोहसम्म मात्रै सिमित देखिन्छ । यद्यपि, पारिवारिक व्यवस्था केमा टिकेको छ र कुन राजनैतिक प्रणाली र उत्पादन सम्बन्धले त्यसलाई टिकाइ राखेको छ भन्ने प्रश्नमा नारीवादको कुनै चासो र चिन्ता देखिँदैन । त्यसो र यी पितृसत्ताको कुरा त गर्छन् तर, पितृसत्तालाई परिवार, समाज र राज्यमा टिकाइराख्ने र टिकाउने उत्पादनका साधनमाथिको नीजि स्वामित्व वा त्यस्तो अर्थराजनैतिक प्रणाली वा उत्पादन सम्बन्धको ती विरोध गर्दैनन् ।

